# एक स्थानीय तह एक प्रमुख उद्योग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

**प्रस्तावना:** स्थानीय आवश्यकता र सम्भाव्यताको आधारमा उपलब्ध स्रोत, साधनको अधिकतम परिचालन तथा औद्योगिक पूर्वाधारको विकास मार्फत् उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि एक स्थानीय तह एक उद्योग कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**एक स्थानीय तह एक प्रमुख उद्योग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यक्रम" भन्नाले एक स्थानीय तह एक प्रमुख उद्योग कार्यक्रम सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले जिल्ला स्थित उद्योग तथा वाणिज्य कार्यालय सम्झनु पर्छ।

(ग) "निर्देशनालय" भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयलाई सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा १३ को उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन समिति सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले बागमती प्रदेशभित्रका सम्पूर्ण स्थानीय तहहरु सम्झनु पर्छ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्यहरु देहाय अनुसार हुनेछ।

१) एक स्थानीय तह एक प्रमुख उद्योग कार्यक्रम सञ्चालनका लागि भौतिक पूर्वाधार निर्माण गर्ने।

२) स्थानीय आवश्यकता र सम्भाव्यताको आधारमा श्रम, सीप, पूँजी, प्रविधि, परिचालन मार्फत् उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने।

३) स्थानीय स्तरमा रोजगारी अभिवृद्धि गर्न उद्यमशील कार्य सँस्कृतिको विकास गर्ने।

## परिच्छेद - २

## लक्षित समुदाय र कार्यक्रम

४. **लक्षित समुदायः** (१) कार्यक्रमको लक्षित समुदाय देहाय बमोजिम रहेको छ,

माननीय बिन्दु श्रेष्ठ
मन्त्री

क) नयाँ उद्योग सुरु गर्न चाहने युवा उद्यमीहरू, पहिले देखि चलिआएका तर पूर्वाधारको अभावमा विस्तार नभएका लघु, घरेलु तथा साना उद्योगहरु, स्थानीय कच्चा पदार्थ र परम्परागत सीपमा आधारित उद्योगहरू संचालन गर्ने उद्यमीहरु,

ख) उद्योग सञ्चालन गर्न उचित ठाउँ र पूर्वाधार अभावमा पछि परेका महिला तथा सिमान्तकृत समुदायका उद्यमीहरू ।

५. **कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु:** (१) स्थानीय तहमा तुलनात्मक रुपले बढी सम्भावना बोकेको वा कुनै उद्योग विशेषको पहिचान भएको क्षेत्रमा कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमका लक्षित समुदायका लागि स्थानीय स्तरमा आर्थिक गतिविधि बढाउने, रोजगारी सिर्जना गर्ने र स्थानीय संसाधनको उपयोग गर्ने क्षमता विकास गर्न तथा उद्यमशिलता विकास तथा स्वरोजगार प्रवर्धनका लागि आवश्यक सार्वजनिक/सामुदायिक पूर्वाधार निर्माण गर्ने ।

बागमती प्रदेश सरकार उद्योग, वाणिज्य, भूमि ... मन्त्रालय हेटौंडा, नेपाल

## परिच्छेद- ३
## कार्यक्रम सञ्चालन प्रक्रिया

६. **प्रस्ताव/सूचना आह्वान गर्ने:** (१) यस कार्यक्रम संचालनका लागि निर्देशनालयले राष्ट्रियस्तरको दैनिक पत्रिकामा ३० दिने सूचना आह्वान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र प्रस्ताव पेश गर्न चाहने स्थानीय तहले सिफारिस सहित अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालयमा प्रस्ताव पेश गर्नुपर्नेछ। प्रस्ताव पेश गर्ने तीसौं दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट समेत पेश गर्न सकिनेछ।

७. **प्रस्ताव संकलन:** दफा ६ बमोजिमको प्रस्ताव संकलन गर्ने जिम्मेवारी प्रत्येक जिल्लामा स्थानीय तहहरुसँगको समन्वयमा जिल्लास्थित कार्यालयको हुनेछ।

८. **प्रस्ताव सिफारिस:** प्रदेशभित्रका प्रत्येक जिल्लामा म्यादभित्र रितपूर्वक प्राप्त प्रस्तावहरुको अनुसूची-१ बमोजिमको मापदण्डको आधारमा दफा १५ बमोजिमको प्रस्ताव सिफारिस समितिले मूल्याङ्कन गरी प्राप्ताङ्कको आधारमा शीर्ष स्थानमा रहेको एउटा मात्र प्रस्ताव दफा ६ बमोजिमको म्याद समाप्त भएको मितिले १५ दिनभित्र निर्देशनालयमा सिफारिस गर्नेछ।

९. **स्थलगत निरीक्षण:** दफा ८ बमोजिम सिफारिस भई आएका प्रस्तावहरु उपर निर्देशनालयको प्राविधिक सम्मिलित टोलीले स्थलगत निरीक्षण गर्न सक्नेछ र सोको प्रतिवेदन दफा १३ को उपदफा (१) बमोजिमको समितिमा पेश गर्नुपर्नेछ।

१०. **स्थानीय तहको छनोट:** दफा ९ बमोजिमको प्रतिवेदनलाई समेत आधार बनाई निर्देशनालयमा प्राप्त सिफारिसहरु मध्येबाट दफा १३ बमोजिमको समितिले कार्यक्रम सञ्चालनका लागि प्रत्येक जिल्लाबाट प्राप्त (बढीमा १३ वटा) प्रस्तावहरु मध्येबाट एक जिल्लाबाट एकभन्दा बढी प्रस्ताव छनोट नहुने गरी ५ वटा स्थानीय तह छनोट गर्नुपर्नेछ। सो क्रममा समितिले आवश्यक ठानेमा अनुसूची-१ बमोजिमको मापदण्डको आधारमा प्राप्त प्रस्तावहरुको पुनः मूल्याङ्कन समेत गर्न सक्नेछ।

प्रदेश सचिव ... बिन्दु श्रेष्ठ

११. **कार्यक्रम सञ्चालनः** कार्यक्रमका लागि छनोट भएका स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा दफा ५ अन्तर्गतका कार्यक्रम सञ्चालन गरिनेछ।

## परिच्छेद -४

## संरचनात्मक व्यवस्था

१२. मन्त्रालयको भूमिकाः- यस कार्यक्रम कार्यान्वयनका क्रममा मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछ।

क) नीति तथा योजना तर्जुमा गर्ने,

ख) कार्यक्रम कार्यान्वयनको क्रममा कुनै अस्पष्टता वा बाधा अवरोध आएमा सो सम्बन्धमा स्पष्ट गर्ने वा निर्देशन दिने,

ग) कार्यक्रम कार्यान्वयनका लागि अनुगमन तथा मूल्यांकन गरी पृष्ठपोषण र निर्देशन दिने,

घ) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापनमा समन्वय गर्ने।

१३. कार्यक्रम कार्यान्वयन समितिः (१) कार्यक्रम कार्यान्वयन गर्न निर्देशनालयमा देहाय बमोजिमको समिति रहने छः-

| | | |
|---|---|---|
| (क) | निर्देशक, निर्देशनालय | संयोजक |
| (ख) | इन्जिनियर, सम्बन्धित शाखा, निर्देशनालय | सदस्य |
| (ग) | अधिकृत प्रतिनिधि, मन्त्रालय | सदस्य |
| (घ) | प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| (ङ) | उद्योग शाखा हेर्ने, अधिकृत, निर्देशनालय | सदस्य सचिव |

(२) यस समितिले आवश्यकता अनुसार २ जनासम्म विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

१४. कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा १५ बमोजिमको प्रस्ताव सिफारिस समितिबाट सिफारिस भई आएका प्रस्तावहरुमध्येबाट एउटा जिल्लाबाट एक भन्दा बढी नहुने गरी ५ वटा प्रस्ताव छनौट गर्ने,

(ख) कार्यक्रम सञ्चालनका लागि प्रचलित कानून बमोजिम खरिद प्रक्रिया अगाडि बढाउने,

(ग) कार्यक्रम कार्यान्वयनको लागि सहजीकरण गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको क्रममा कुनै अस्पष्टता वा बाधा अवरोध आएमा सो सम्बन्धमा मन्त्रालयमा जानकारी गराउने,

(ङ) मन्त्रालयले दिएको निर्देशन पालना गर्ने,

(च) कार्यक्रम कार्यान्वयनका लागि अनुगमन तथा मूल्यांकन गरी पृष्ठपोषण र निर्देशन दिने,

(छ) आवश्यक ठानेमा प्रस्ताव सिफारिस समितिबाट सिफारिस भई आएका प्रस्तावहरुलाई अनुसूची-१ बमोजिम पुनः मूल्यांकन गर्ने।

१५. **प्रस्ताव सिफारिस समितिः** दफा ७ बमोजिम प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी प्राप्ताङ्कको आधारमा शीर्ष स्थानमा रहेको प्रस्ताव निर्देशनालयमा सिफारिस गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको प्रस्ताव सिफारिस समिति हुनेछ।

| | |
|---|---|
| (क)प्रमुख, उद्योग तथा वाणिज्य कार्यालय | संयोजक |
| (ख)अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (ग)प्रतिनिधि,उद्योग वाणिज्य संघ (जिल्ला स्तर) | सदस्य |
| (घ)प्रतिनिधि, घरेलु तथा साना उद्योग महासंघ (जिल्ला स्तर) | सदस्य |
| (ङ)कार्यालय प्रमुखले तोकेको कार्यालयको कर्मचारी | सदस्य सचिव |

१६. **प्रस्ताव सिफारिस समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

**क)** दफा ७ बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त प्रस्तावहरुको अनुसूची-१ बमोजिम मूल्याङ्कन गरी प्राप्ताङ्कको आधारमा शीर्ष स्थानमा रहेको प्रस्ताव निर्देशनालयमा सिफारिस गर्ने।

## परिच्छेद- ५
## आर्थिक व्यवस्थापन

१७. **लेखा राख्नु पर्नेः** कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानून बमोजिम खर्च गर्ने ,लेखा राख्ने आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने/गराउने लगायतका वित्तीय उत्तरदायित्व सम्बन्धित निर्देशनालयको हुनेछ।

१८. **कन्टिन्जेन्सी रकमः** कन्टिन्जेन्सी रकमको रुपमा कार्यक्रम बजेटको दुई प्रतिशत रकम सूचना प्रकाशन, बैठक भत्ता, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण, अनुगमन तथा मूल्याङ्कन लगायतका क्षेत्रमा खर्च गर्न सकिनेछ।

## परिच्छेद -६
## विविध

१९. **प्रचलित कानून बमोजिम हुनेः** १) यस कार्यविधिमा उल्लिखित विषय प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानूनको व्यवस्था लागू हुनेछ।

२) कार्यक्रम सञ्चालनका लागि खर्चका आधारहरू प्रदेश सरकारको स्वीकृत मापदण्ड बमोजिम हुनेछ।

प्रदेश सचिव

३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमसँग सम्बन्धित रकम भुक्तानी एवम् फरफारक तथा लेखापरीक्षण लगायतका कार्यहरु गर्दा सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून पालना गर्नुपर्नेछ।

४) यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

२०. **आवश्यक व्यवस्था मिलाउनेः** यो कार्यविधिको कार्यान्वयनमा बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२१. **कार्यविधि संशोधन तथा परिमार्जनः** यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा मन्त्रालयले संशोधन गर्न सक्नेछ तर आर्थिक दायित्व पर्ने विषय क्षेत्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई संशोधन परिमार्जन गर्न सक्नेछ।

प्रदेश सचिव

माननीय बिन्दु श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची १

(दफा ८ सँग सम्बन्धित)

एक स्थानीय तह एक प्रमुख उद्योग कार्यक्रमका लागि स्थानीय तह छनौटको मापदण्ड

| | स्थानीय तह छनौटको आधार | अंक |
|---|---|---|
| १ | **जग्गाको उपलब्धता/प्रकृति** | १५ |
| | भूउपयोग नियमावली २०७९ को दफा ८ बमोजिमको अनुसूचि १ को घ बमोजिमको जग्गा | १५ |
| | सार्वजनिक/सामुदायिक जग्गा | १२ |
| २ | **सडक पहुँच** | १५ |
| | कालो पत्रे सडकको पहुँच भएमा | १५ |
| | कच्ची सडकको पहुँच भएमा | १२ |
| | गोरेटो/घोडेटो बाटो भएमा | १० |
| ३ | **बिजुली बत्ति/ढलको सुविधा** | १५ |
| | बिजुली बत्ति/ढलको सुविधा दुवै भएको | १५ |
| | बिजुली बत्ति वा ढल सुविधामध्ये कुनै एक भएको | १२ |
| | बिजुली बत्ति/ढलको सुविधा दुवै नभएको | १० |
| ४ | **बजार पहुँचको स्थिति** | १५ |
| | निर्माण स्थलबाट बजारसम्मको ३ कि.मि. वा सो भन्दा कभ भएमा | १५ |
| | निर्माण स्थलबाट बजार सम्मको दुरी ३ कि.मि. भन्दा बढी भएमा | १२ |
| ५ | जनसंख्या २०७८ लाई आधार मानी | २० |
| | १००० सम्म बसोवास भएको | १० |
| | १००१ देखि १५०० बसोवास भएको | १५ |
| | १५०१ देखि माथि | २० |
| ६ | उत्पादन संभाव्यता | १० |
| | स्थानीय कच्चा पदार्थ उपयोग हुने | १० |
| | अन्य | ५ |
| ७ | मानव विकास सुचकाङ्क | १० |
| | जनसंख्याको आधा भन्दा बढी गरिब भएमा | १० |
| | जनसंख्याको आधा भन्दा कम भएमा गरिब भएमा | ५ |

प्रदेश सचिव

माननीय बिन्दु श्रेष्ठ
मन्त्री

अनुसूची २

(दफा ६को उपदफा (२) सँग सम्बन्धित)

## एक स्थानीय तह एक प्रमुख उद्योग कार्यक्रम अन्तर्गत पूर्वाधार निर्माणको लागि निवेदनको ढाँचा

श्रीमान् निर्देशकज्यू,
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
बागमती प्रदेश, हेटौंडा ।

विषयः प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा तहाँ निर्देशनालयबाट मिति —. गते "एक स्थानीय तह एक प्रमुख उद्योग" कार्यक्रम अन्तर्गत पूर्वाधार निर्माणका लागि सूचना प्रकाशन भएकोमा यस स्थानीय तहबाट प्राथमिकताको आधारमा वडा छनौट गरी प्रस्ताव पेश गरेका छौं ।तपसिल

स्थानीय तहको नाम र ठेगाना........................................................ :
प्रस्तावित कार्यक्रम सञ्चालन गर्ने स्थान............................................. :
प्रस्तावित कार्यक्रमको अवधिः आ.व. २०८२/०८३
कार्यक्रम संचालन हुने जग्गाको आधार र मापदण्ड :

| सि.नं | छनौटको आधार | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | जग्गाको उपलब्धता/प्रकृति | | | |
| | भूउपयोग नियमावली २०७९ को दफा ८ बमोजिमको अनुसूची १ को घ बमोजिमको जग्गा | | | |
| | सार्वजनिक जग्गा | | | |
| २ | सडक पहुँच | | | |
| | कालो पत्रे सडकको पहुँच | | | |
| | कच्ची सडकको पहुँच | | | |
| | गोरेटो/घोडेटो बाटो | | | |
| ३ | बिजुली बत्ति सुविधा | | | |
| | ढल सुविधा | | | |
| ४ | बजार पहुँचको स्थिति | | | |
| | निर्माण स्थलबाट बजारसम्मको दुरी ३ कि.मि. वा सो भन्दा कम | | | |
| | निर्माण स्थलबाट बजारसम्मको दुरी ३ कि.मि. | | | |

| सि.नं | छनौटको आधार | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| | भन्दा बढी | | | |
| ५ | **जनसंख्या २०७८ लाई आधार मानी** | | | |
| : | १००० सम्म बसोवास | | | |
| | १००१ देखि १५०० बसोवास | | | |
| | १५०१ देखि माथि | | | |
| ६ | **उत्पादन कच्चा पदार्थको उपलब्धता** | | | |
| | स्थानीय कच्चा पदार्थ उपयोगको अवस्था (उपलब्ध कच्चा पदार्थ भएमा कैफियत महलमा उल्लेख गर्ने) | | | |
| ७ | **मानव विकास सुचकाङ्क** | | | |
| | जनसंख्याको आधा भन्दा बढी गरिब भएमा | | | |
| | जनसंख्याको आधा भन्दा कम भएमा गरिब भएमा | | | |

**<u>पेश गर्नु पर्ने कागजातहरु:</u>**

क) स्थानीय तहको सिफारिस पत्र।

ख) जग्गाको नक्सा र लालपूर्जाको प्रतिलिपि।

**प्रस्तावक**

नाम थर:

पद:

दस्तखत:

सम्पर्क न:

स्थानीय तहको छाप:

बागमती प्रदेश सरकार उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय हेटौंडा, नेपाल

प्रदेश सचिव

माननीय बिन्दु श्रेष्ठ मन्त्री